"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदवारी नगरपालिकाको प्रयास"

# खाँदवारी नगरपालिका

## Khandbari Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

खाँदबारी,सङखुवासभा

१ नं. प्रदेश, नेपाल ।

च.न.: ४०५९

प.सं : २०७४/०७५(कार्यपालिका सचिवालय)

मिति : २०७४/१२/०६

श्री वडा अध्यक्ष ज्यू (सवै)

श्री कार्यपालिका सदस्य ज्यू (सवै)

खाँदवारी संखुवा सभा ।

विषय : कार्यपालिकाको वैठकको निर्णय प्रतिलिपि उपलव्ध गराइएको वारे ।

प्रस्तुत विषयमा यस खाँदवारी नगरपालिकाको कार्यपालिका को वैठक नं १७ औं को निर्णय प्रतिलिपि यसै साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

सादर अवगातार्थ

श्रीमान प्रमुख ज्यू, श्रीमान उप प्रमुख ज्यू ।

वोधार्थ तथा कार्यार्थ

सबै शाखाहरु

खाँदवारी नगरपालिका कार्यालय : आ आफ्नो शाखा । उपशाखा/इकाई समिति संग सम्वन्धित निर्णयहरु आवश्यक समन्वय र सहकार्य साथ यथासिघ्र सम्पादन गरि त्यसको प्रगति समेत पेश गर्नु गराउनु हुन ।

(कृष्णकुमार निरौला)

प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.npइमेल : khandbarimun@gmail.com

बैठक नं. १८ २०७८।१२।०६

आज मिति २०७८ साल चैत्र ६ गते मंगलवारका दिन खाँदबारी नगर कार्यपालिकाका का.वा. प्रमुख श्री उगेश्वरी श्रेष्ठ ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको १८औं बैठक बसी निम्नानुसार प्रस्तावहरु माथी छलफल गरि सर्वसम्मत निर्णय गरियो।

उपस्थिति

१. श्री मुरारी प्रसाद खतिवडा, प्रमुख (अनुपस्थित)
२. श्री उगेश्वरी श्रेष्ठ, उप प्रमुख, का.वा. प्रमुख
३. श्री निरञ्जन श्रेष्ठ, सदस्य -१
४. श्री ज्ञान बहादुर श्रेष्ठ " २.
५. श्री सुनिता कटुवाल कार्की का.वा. सदस्य ३.
६. श्री सोजन राई " ४.
७. श्री श्याम प्र. तिरौला का.वा., सदस्य ५.
८. श्री दयानिधि बराल सदस्य ६.
९. श्री मौसम आले " ७.
१० श्री उम्बर बहादुर कटुवाल " ८.
११. श्री टिकाराम कुमाल " ९.
१२. श्री केशवराज खाँ थापा " १०.
१३. श्री नरेन्द्र गुरुङ " ११.
१४. श्री कुडगाङ लामा " १
१५. श्री बाल कुमारी कार्की लोहारे - २
१६. श्री इन्द्रमाया बरायली ३
१७. श्री गोपीमाया घिमिरे ५
१८. श्री लक्ष्मी राई सुनुवार ८
१९. श्री पदमलाल कार्की १०
२०. श्री चन्द्रकला तामाङ - १०
२१. श्री भुवनकुमार तिरौला, सचिव
गणेश श्रेष्ठ, बैठक निर्णय लेखन कार्य

# मिति २०७४ साल चैत्र ०६ गते वसेको न.पा. वोर्ड वैठक वाट पारित निर्णयहरु

निणर्य न १

खाँदवारी नगरपालिकाका वडा नं ३ का वडा अध्यक्ष श्री तोयाना ढुंगाना ज्यूको नगरपालिका को आर्थीक समितिको संयोजकको हैसियतले वैठकमा सहभागी हुने सन्दर्भमा मिति २०७४/११/१३ गते असामयीक निधन भएको भएकोले गहिरो दु:ख व्यक्त गर्दे मृत आत्माको चिर शान्तिको कामना सहित शोक सन्तव्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने भगवान संग प्रथना गर्दे एक मिनेट मौन धारण गरि शोश प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २,

खाँदवारी नगरपालिकाका नगर प्रमुख श्री मुरारी प्रसाद खतिवडा ज्यूको ममतामयी माता श्री पवित्रा देवि खतिवडा को मिति २०७४/११/२४ गते र पुजनिय पिता श्री वद्रीनारायण खतिवडा को मिति २०७४/१२/०२ गते असामयीक निधन भएकोले दु:ख व्यक्त गर्दे मृत आत्माको चिर शान्तिको कामना सहित शोक सन्तव्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने भगवान संग प्राथना गर्दे एक मिनेट मौन धारण गरि शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

निर्णय न ३

यस परिवर्तीत परिस्थितिमा यस नगरपालिकाको संगठन संरचना तयार गरि लागु नभए सम्मका लागी अनुसुची १ बमोजिमको नगर कार्यपालिकाको संगठन संरचना नगर सभाले दिएको निर्णय नं २७ को अधिकार प्रयोग गरि स्वीकृत र तत्काल लागु गर्ने निर्णय गरियो ।

निर्णय नं ४

यस नगरपालिकाको गत आ.व. २०७३/०७४ को म.ले.प. वेरुजु सम्वन्धि प्रतिवेदन प्रमुख प्रशासकिय अधिकृत मार्फत यस कार्यपालिकालाई प्राप्त भै जानकारी भयो । उक्त प्रतिवेदनको विषयमा गहन छलफल गरि निम्नानुसार गर्ने निर्णय गरियो ।

१,उक्त म.ले.प. वेरुजु प्रतिवेदनको वुदा नं १.२ मा उल्लेख भए अनुसार रु ७६४९,९९०/०९.रकमको विषयमा यस छानविन गरि असुल उपर गर्नु पर्ने भएकोले यस विषयमा के भएको हो ? विस्तृत रुपमा छानविन गरि ७ दिन भित्र प्रतिवेदन पेश गर्न निम्नानुसार छानविन समिति गठन गर्ने । अन्य सदस्यहरु को.ले.नि.का. र जिल्ला समन्वय समितिवाट यथासिघ्र माग गर्ने निर्णय गरियो

क श्री श्याम प्रसाद निरौला संयोजक

ख लेखा समुहको.लेखा अधिकृत वा प्रतिनिधि को.ले.नि.का.सदस्य

ग लेखा समुहको.अधिकृत/ प्रतिनिधि, जिल्ला समन्वय समिति संखुवा सभा सदस्य

२, उक्त  म.ले.प. वेरुजु प्रतिवेदनमा उल्लेखित बेरुजुहरु यथासिघ्र फर्छ्यौट गरि समपरिक्षण गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

३, उक्त बेरुजु प्रतिवेदन अध्ययन गर्दा आर्थीक प्रशासन शाखाको प्रमुखको हैशियतले काम गर्ने लेखा अधिकृत श्री नविन कुमार श्रेष्ठले आफ्नो पदिय जिम्वेवारी इमान्दारी पुर्वक पुरा गरेको नदेखिएकोले निजलाई तत्काल आर्थीक प्रशासन शाखाको जिम्मेवारी वाट हटाई आन्तरिक लेखा परिक्षण इकाईमा पदस्थापन गर्ने र तत्काल कोष तथा लेखा नियन्त्रक कार्यालयसंग यथासम्भव लेखा अधिकृत नभएमा हाललाई दक्ष लेखापाल उपलव्ध गराई दिन अनुरोध गर्ने । साथै महालेखा नियन्त्रक कार्यालयसंग पनि लेखा अधिकृतको दरवन्दि पूर्ति गराई दिन समेत अनुरोध गर्ने ।

निर्णय नं ५

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७४ मा सार्वजनीक खरिद ऐन गर्ने व्यवस्था अनुरुप यस नगरपालिकाले सार्वजनिक खरिद नियमावली वनाई लागु नगरे सम्मका लागी प्रचलित सार्वजनीक खरिद ऐन २०६३ र सार्वजनीक खरिद नियमावली २०६४ अनूरुप गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं ६

, निम्न वडाहरुमा वडा कार्यालय र स्वस्थ्य क्लिनिक संचालन प्रयोजनार्थ घर भाडा लिन प्रकाशित सुचना अनुसार पर्न आएको न्युनतम दर रेट स्वीकृत गर्ने निर्णय गरियो ।

| वडा नं | प्रयोजन | न्युनतम कवोल अंक गर्ने घर धनि | कवोल अंक ( मासिक) | कैफियत |
|---|---|---|---|---|
| २ | वडा कार्यालय संचालन | ठक्कर वहादुर श्रेष्ठ | २०००/ | |
| ६ | वडा कार्यालय संचालन | खड्ग वहादुर घिमिरे | ३८००/ | |
| २ | नगर स्वास्थ्य केन्द्र संचालन | शोभा कटुवाल | १०००/ | |
| ११ | वडा कार्यालय संचालन | जय प्रसाद राई | ४०००/ | |

निर्णय नं ७

यस नगर क्षेत्र भित्रमा रहेको भुकम्प पिडित लाभग्राहिहरुले राष्ट्रिय पुन निर्माण प्राधिकरणले स्वीकृत गरेको भवन नक्सा डिजाइन लोड वेयरिङ्ग कच्ची भवन अनुसार भवन संरचना निर्माण गर्ने भुकम्प पिडितहरुलाई शत प्रतिशत घर नक्सा पास दस्तुर मिनाहा दिने र आफु खुशी भवन नक्सा डिजाइन तयार गरि नक्सा पासका लागी पेश गर्ने आर.सि.सि. फ्रेम स्ट्रक्चर ढलान को हकमा भुकम्प पिडितलाई तोकीएको नक्सापास दस्तुर ५० प्रतिशत रकम मिनाहा दिने प्रमुख ज्यूको मिति २०७४साल ११/११ गतेको टिप्पणी आदेश अनुसार निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ८

वडा नं ५ को वडा कार्यालय भवनका लागी श्री सरस्वती मा.वि.माल्टा.विद्यालयले उपलब्ध गराएको २ वटा कोठा सहितको भवन मर्मतका लागी ल.ई.बमोजिमको रकम मर्मत संभार कोषवाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ९

निम्न खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो ।

क, प्रतेक वर्ष माघ २ गते मनाइने भुकम्प सुरक्षा दिवस यस वर्ष ९० सालको महाभुकम्पको केन्द्र विन्दु रहेको चैनपुरमा मनाउने कार्यक्रम वमोजिम खाँदवारी नगरपालिका का कर्मचारी /पदाधिकारी र विद्यार्थीहरुका लागी यातायात व्यवशायी संघ वाट मिति २०७४/११/१५ गते एउटा वस रिजर्भ गर्दाको खर्च रु १५३९०/ अनुमोदन गर्ने निर्णय गरियो ।

ख, वडा नं १० र ११ मा योजनाको ल.ई र सम्झौता गर्ने अभियानमा खटिएका कर्मचारीहरुको लागी भउको खर्च रु ४१,३००। अनुमोदन गर्ने ।

ग, न्यु होटेल चाइना गेष्ठ हाउसको विविध खर्च अन्तरगतको विलको रु ३५,१७०/(पैतिस हजार एक सय सत्तरी मात्र) अनुमोद गर्ने ।

घ, कटुवाल साहाकारी भोजनालयको विलको भुक्तानी विविध खर्च अन्तरगत रु ६,२००/(छ हजार दुई सय मात्र) अनुमोदन गर्ने ।

निर्णय नं १०

, नगरपलिकामा सुचना प्रविधि अधिकृत,वारुणयन्त्र सवारी चालक नियुक्ति,सव इन्जिनियर नियुक्तीका लागी नगर कार्यपालिकाको कार्यालयले तयार गरेको छनौट मापदण्ड, प्रकृया र छनौट कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै अनमी र अहेवको छनौट प्रकृयाको विषयमा नगर प्रमुखले मिति २०७४/१२/०४ मा गरेको स्थगन सम्वन्धि निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निणर्य नं ११

नगर कार्यपालिको पुर्व निर्णय अनुसार चालु शैक्षिक सत्रको आधारभुत तहको अन्तिम परिक्षा संचालनमा लाग्ने खर्च रु २,९९,८००/रकम छुटयाउने र उक्त रकम शिक्षा मन्त्रालय अन्तरगत विद्यालय क्षेत्र विकास कार्यक्रमको व.उ.सि.नं ३५०८०६३ वाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं १२

वारुण यन्त्र संचालनमा खटिने चालक सहित निम्न कर्मचारीहरु २४ घण्टा नै खटिनु पर्ने भएको हुँदा निजहरुलाई सवारी चालक श्री प्रकाश उप्रेती लाई मासिक रु. ७०००। र चौकिदार पदमा कार्यरत रहि

हाल दमकलको फायरमेनले गर्ने कार्य गर्न खटाईएका चौकिदार श्री चन्द्रबहादुर मगर र श्री धराज बि.क. लाई मासिक रु. ६०००, का दरले प्रति महिना रासन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १३

वन वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७४/१२/०१ गते को निर्णय अनुसार हावाहुरी चल्ने र आगोलागी हुने मौसम आएको हुँदा बारुणयन्त्रलाई चुस्त दुरुस्त राख्न पर्ने हुन्छ । सो लगायत सडक तथा सार्वजनीक स्थलहरुमा जथाभावी निर्माण सामाग्री थुपारी सवारी आवागमनमा पुर्याएको अवरोधका विषयमा उक्त समितिले गरेको निर्णय अनुमोदन गरि कार्यान्वयन गर्नको लागी नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १४

स्वीकृत तहको वार्षीक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जीत) को ५.१.१ आय व्ययको प्रपेक्षपण गएिको तथ्यांक सहितको विवरण संघिय -अर्थ मन्त्रालय) मा पेश गर्नु पर्ने प्रावधान अनुरुप मिति २०७४/१२/०४ को राजश्व परामर्श समितिको वैठक वाट सिफारिस आन्तरिक आयको प्रक्षेपण, मिति २०७४/१२/०४ मा बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले निर्णय गरि सिफारिस गरेको उक्त दिग्दर्शनको अनुसुची १ बमोजिम विवरण स्वीकृत गरि संघिय अर्थ मन्त्रालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं १५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार यस नगरपालिकाले बनाउने ऐन, नियम, निर्देशिका, कार्यविधिहरु को मस्यौदा तयार गर्न देहाय अनुसारको मस्यौदा समिति गठन गर्ने निर्णय गरियो । यस समितिका पदाधिकारी र आमन्त्रित महानुभावहरुलाई कार्यपालिकाका पदाधिकारीहरुले पाए सरह वैठक भत्ता उपलब्ध गराउने समते निर्णय गरियो ।

१. श्री नगर प्रमुख -सयोजक

२ उप प्रमुख सदस्य

३. श्री विधेयक समितिका संयोजक खा.न.पा. सदस्य

४ श्री प्रमुख प्रशासकिय अधिकृत खा.न.पा. सदस्य

५ श्री शाखा अधिकृत शिक्षा खा.न.पा. सदस्य

६ श्री कानुन व्यवशायी -नगर प्रमुखले मनोनयन गरेको) सदस्य

७. श्री प्रशासन तथा योजना अधिकृत खा.न.पा. सदस्य सचिव

यस समितिले जिल्ला कार्यरत स्थानीय समन्वय अधिकारी प्रमुख, कोष तथा लेखा नियन्त्रक लगायत आवश्यकता अनुसार विज्ञहरु आमन्त्रण गर्न सक्नेछ । उक्त समितिले उप समिति समेत निर्माण गरि कार्यान्वयन गर्न सक्नेछ ।

निर्णय नं १६

खा.न.पा. वडा नं. १ मा शनिवारे तथा बुधवारे हाट बजार लाग्ने स्थानको छेउमा रहेको आय मुलक भवनको लागि मिति २०७४ साल पौष ०२ गते कवोल पत्र पेश गर्ने वारेको सूचना अनुसार माथिल्लो तलाको लागि खा.न.पा. वडा नं. १० बस्ने श्री विवेक दाहालले सवैभन्दा वढी कवोल अंक पेश भएको, निज ब्याक्तिलाई यस कार्यालय बाट मिति २०७४/०९/२५ गते सम्झौत गर्न आउन भनी यस कार्यालय बाट पत्र पठाएकोमा निज विवेक दाहलले मिति २०७४/११/०९ गतेमा निवेदन पेश भएको सो भवनको माथिल्लो तलामा ठेक्का सम्झौता गर्न असमर्थता जनाईएको हुँदा उक्त भवनको ठेक्का सम्झौत गर्न दोस्रो पक्षलाई सात दिनको म्याद दिई सम्झौत गर्न आउन भनी कार्यालय बाट पत्र पठाउने सो दोस्रो पक्षले पनि सम्झौत गर्न नआएमा र तेस्रो पक्षलाई सात दिनको म्याद दिई कार्यालय बाट पत्र पठाउने, दोस्रो पक्ष र तेस्रो पक्षहरुले सम्झौत गर्न नआएमा साविककै न्यूनत्म दरमा पुर्न अर्को कवोल पत्र पेश गर्न सूचना प्रकाशित गर्ने ।

निर्णय न १७

खा.न.पा. वडा नं. १ स्थित पोखरी बजारमा रहेको यस न.पा.को हक स्वामित्वमा रहेको कच्चि घर आय मुलक भवनको साविकमा रहेको न्यूनत्म कवोल अंक रु. १,३५,०००। -एक लाख पैतिस हजार मात्र) मा सुचना प्रकाशित गरिएको र सोही बमोजिम ठेक्का लगाई आ.ब. ०७४।७५ वा २०७५ साल असार मसान्तमा संझौता सम्पन्न हुने ।

आगामी आ.ब. ०७५।७६ का लागी उक्त भवन बार्षिक न्युनतम रु. २,००,०००। मा नघटाई आगामी आ.ब. ०७५।७६ पश्चातको आ.ब.हरुमा (आ.ब. ०७६।७७ र ०७७।७८मा) बार्षिक कबोल अंकको १० दश प्रतिशत थप रकम बार्षिक रकम लिने गरि ३ बर्षको लागी वा मिति ०७८ साल असार मसान्त सम्मको लागी घर भाडामा लगाउन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं १८

विद्यालय स्थान्नान्तरण सम्वन्धमा छलफल गर्दा साविक खाँदवारी १३ हाल खाँदवारी नगरपीलका वडा न९ मा संचालन भएको श्री अरुण भ्याली इन्टरनेशनल बोर्डिङ -प्रा.लि.) ले आफ्नो हक हस्तान्तरण को प्रकृया अघि बढाए अनुसार नेपाल सरकार, उधोत मन्त्रालय,कम्पनि रजिष्टारको कार्यालयको मिति २०७४/११/३० को बैठकले कम्पनी अद्यावधिक, शेयर लगतर रजिष्ट्रर्ड कार्यालयको ठेगाना परिवर्तन सहितको प्रवन्ध पत्रमा संसोधन गरि खाँदवारी नगरपालिका वडा नं ७ मा स्थान्नतरण गर्ने निर्णय गरेको साथै स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्डे ज बमोजिम आधारभुत तथा माध्यमिक शिक्षा सम्वन्धि विषय कार्यान्वयनका लागी दिइएको अधिकार अनुसार बुदा नं २ मा सामुदायीक, सस्थागत,गुठी र सरकारी विद्यालय स्थापना अनुमति संचालन व्यवस्थापन तथा

नियमन गर्ने भन्ने रहेकोले निवेदक टिकाराम श्रेष्ठको माग बमोजिम उक्त वोडिङ स्कुल खाँदवारी नगरपालिका वडा नं ७ मा स्थान्नान्तरण गरि संचालन गर्न न.पा.को तर्फबाट अनुमति दिने र हाल सम्म शिक्षा कार्यालय र शिक्षा ऐन र नियमावली खारेज नभई चालु अबस्थामा रहेको हुँदा उल्लेखित बिषयमा नियमानुशार शिक्षा कार्यालयबाट समेत अनुमति दिन सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय न १९

नगर कार्यपालिकाको मिति २०७४ साल माघ १८ गते वसेको १४ औ वैठक को निर्णय नं ८ वाट जिन्सी उप शाखा वाट पेश भएको प्रेश,स्टेशनरी, फर्निचर र मेशीनरी सामान मर्मत आदीका विभिन्न विल भरपाईहरुको भुक्तानी वाकी रहेको गत आ.व.र यसै आ.व.को जम्मा रु ३८,४२,१५७/९७ गर्नको लागी एक उच्च स्तरिय छानविन एवं सिफारिस समिति वनाई कार्य अगाडी वढेकोमा उक्त समितिको संयोजक श्री तोयानाथ ढुंगानाको सोहि समितिको वैठकमा उपस्थित हुने सन्दर्भमा अचानक असामयीक निधन भई कार्य अगाडी पढ्न नसकेको सन्दर्भमा आजको वैठकमा छलफल हुँदा सोही समितिका सदस्य श्री निरञ्जन श्रेष्ठलाई संयोजकको जिम्मेवारी प्रदान गर्ने र खाली रहेको सदस्य पदमा कार्यपालिका सदस्य श्री कुङगाङ लामालाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं २०

खाँदवारी नगरपालिकाको प्रथम नगरसभा वाट पारित विभिन्न योजना तथा कार्यक्रमहरु संसोधन गरि कार्यान्वय गर्नको लागी विभिन्न वडा समितिहरु वाट निर्णय गरि कार्यक्रम संसोधन गरि कार्यान्यिन गर्न सिफारिस भई आएका निम्नानुसार योजना तथा कार्यक्रमहरु संसोधन गरि कार्यान्वयन गर्न प्रथम नगर सभाको निर्णय नं २७ ले दिएको अधिकार प्रयोग गरि संसोधन गर्ने निर्णय गरियो

| साविक भएको योजना | हाल संशोधन भएको योजना |
|---|---|
| देवी राई र शंकर राईको घर छेउवाट मोटर वाटो मर्मत सुधार | देवी राई र शंकर राईको घर छेउवाट वाटो मर्मत सुधार |
| हिमालय स्काउट ट्रुप खाँदवारी भौतिक व्यवस्थापन | हिमालय स्काउट ट्रुप खाँदवारी कार्यक्रम संचालन |
| सातकुवा वाट दुवे चौर वस्तीमा ल्याउने पानी व्यवस्थापन पाइप खरिद इन्टेक मर्मत आदी | सातकुवा धारा व्यवस्थापन (तार वार,पाइप खरिद आदी |
| पांठा मयम गोठगाउ मोटरवाटो मर्मत | पांठा मयम गोठगाउ मोटरवाटो मर्मत तथा निर्माण |

| | |
|---|---|
| ज्याङग्रिङ्ग धारा पुर्न निमार्ण | ज्याङग्रिङ्ग धारा मोटर वाटो तथा धारा सुधार योजना |

निर्णय नं. २१

नगर क्षेत्र भित्र सडक निर्माण योजनाहरु संचालन भएको तर उक्त सडक क्षेत्र व्यक्तीको स्वामीत्वमा नै रहेको छ । यसरी व्यक्तीको स्वामीत्वमा रहेका जग्गाहरु सार्वजनीक स्वामीत्वमा ल्याउनका लागी वडा अध्यक्ष/वडा समितिहरुले पहल गर्ने योजना संझौताका लागी पठाउनु पुर्व सम्भव भए सम्म मालपोत कार्यालय वाट लगत कटटाको निर्णय गराई उक्त सडक सार्वजनीक गरि पेश गर्न पहल गर्ने । आगामी आ.व.मा सडक सम्वन्धि योजना छनौट गर्दा यस निर्णयलाई कडाईका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

नगर कार्यपालिकाको वैठकमा उपस्थित हुने संम्बन्धमा छलफल गर्दा कुनै वडाको वडा अध्यक्ष ७ दिन भन्दा वढी अनुपस्थित हुने भए कुनै सदस्यलाई जिम्मेवारी तोकिएको अवस्थामा तोकिएको सदस्यलाई कार्यपालिकाको वैठकमा उपस्थित गराउने निर्णय गरियो ।